महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

लामटाङ राष्ट्रिय निकुन्ज कार्यालय

३२९०३२८०१

गोसाईकुण्ड गाउँपालिका , रसुवा

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**वन लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-६-१९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
लामटाङ राष्ट्रिय निकुन्ज कार्यालय ,
गोसाईकुण्ड गाउँपालिका , रसुवा

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी लेखापरीक्षण बहिर्गमन बैठकमा छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा देहायको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फछ्र्यौट गरी सम्परीक्षण नगराएमा सोही ऐनको दफा ३७(४) बमोजिम कारबाहीका लागि लेखाउत्तरदायी अधिकृतलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु

लोकनाथ घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री वन तथा वातावरण मन्त्रालय सिंहदरवार
काठमाणौँ ।, info@mofe.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय रसुवा
।, rasuwa.dtco@fcgo.gov.np

# परिचय

१

**(क) कार्यालय परिचय :-** नेपालको विभिन्न भौगोलिक क्षेत्रमा रहेका पारिस्थितिकीय प्रणालीहरुको (Ecosystems) संरक्षण गर्नु, सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु वनस्पति (Fauna and Flora) लगायत जैविक विविधता संरक्षण गर्नु, वन्यजन्तु, वनस्पति र तिनको बासस्थान संरक्षण एवं व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गर्नु, अद्वितीय सौन्दर्यका भू–दृष्यहरु सिमसार, हरियाली, पहाड, हिमाल , पदयात्रा र मनोरञ्जनको दृष्ट्रिकोणले महत्वपूर्ण मानिएका क्षेत्रहरुको संरक्षण गर्नु , संरक्षित क्षेत्रहरुभित्र र आसपासमा बसोवास गर्ने बासिन्दाहरु एवं समुदायहरुको परम्परागत रिती रिवाज एवं सांस्कृतिको जर्गेना गर्न टेवा पुर्याउनु, मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट स्थानीय बासिन्दाहरुको अर्थपूर्ण सहभागितामा संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन गर्नु ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।१५ देखि २०८०।६। १९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ८०२९७३९७.६५, राजश्वतर्फ रु. ०, धरौटीतर्फ रु. २१५७७१०.१६, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. ०, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ८२४५५१०७.८१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २६८८४ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **कर्मचारी दरवन्दी र पदपूर्ति:**

निजामती सेवा नियमावली २०५० को नियम अनुसार कार्यालयले स्वीकृत दरवन्दी अनुसार पदपूर्ति गर्नुपर्दछ । कार्यालयले पेस गरेको दरवन्दी विवरण अनुसार ९६ दरवन्दी रहेकोमा ६४ पदपूर्ति रको छ । रेन्जर लगायत ३२ पद रिक्त रहेको छन् । कार्यालयले रिक्त पदपूर्ति समयमै गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३ **आन्तरिक नियन्त्रण प्रणाली:**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३१ अनुसार सम्बन्धित कार्यालयको आकार, जटिलता र कारोवारको प्रकृति अनुसार संस्थागत सुशासनका लागि आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । साथै दफा ३२ अनुसार आन्तरिक नियन्त्रण समिति क्रियाशिल हुनुपर्ने व्यवस्था गरेको छ । कार्यविधिमा उल्लेख भएका व्यहोराहरुको पालना गरी कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीलाई भरपर्दो बनाउनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ अनुसारको लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति प्रत्येक कार्यालय वा निकायले गठन गर्नु पर्नेमा सो नगरेको पाइयो ।

• आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 99 मा जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको छैन ।

• मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।

• सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।

• सवारी साधनको मर्मत अभिलेख राख्नुपर्नेमा सो राखेको देखिएन

• सवारी साधनमा प्रयोग भएको इन्धनको खर्च लेख्दा सो खर्चलाइ पुष्टाई गर्ने सवारी लगबुक राख्नुपर्नेमा सो राखेको देखिएन ।

• पेश्की खाता अद्यावधिक गरी राख्नुपर्नेमा सो राखेको पाइएन ।

• भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ वमोजिम भ्रमणमा खटिने कर्मचारीले भ्रमण सम्पन्न पश्चात भ्रमण प्रतिवेदन पेस गर्नुपर्ने तथा नियम २१ वमोजिम कार्यालयले भ्रमणमा खटिने कर्मचारीको भ्रमण अभिलेख राख्नुपर्नेमा नियमावलीको पालना गरेको देखिदैन ।

विभिन्न ऐन नियम एवं कार्यविधिहरुमा उल्लिखित प्रावधानहरुको पालना नभएको कारण आन्तरिक नियन्त्रण कमजोर हुन गई कार्यालयको कार्य सम्पादनमा समेत असर पर्न सक्ने देखिएकोले आन्तरिक नियन्त्रणलाई सुदृढ बनाउन ऐन, नियममा भएका व्यवस्थाहरुको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **जिन्सी :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ बमोजिम लगत खडा गरी अभिलेख राखिएको सम्पत्ति तथा जिन्सी मालसामानको मौजुदा अवस्था सम्वन्धमा वर्षमा कम्तिमा एक पटक आफै वा त्यस्तो मालसमान जिम्मा लिने कर्मचारी वाहेक अन्य कर्मचारीको नेतृत्वमा निरीक्षण गरी वा गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई राख्नुपर्ने र निरीक्षण प्रतिवेदन प्राप्त भएपछि आम्दानी बाँध्न छुट भएका कुनै माल सामानको मूल्य र विवरण खुलाई आम्दानी बाँध्न लगाउनुपर्ने गरी निरीक्षण प्रतिवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले लिलाम गर्नुपर्ने मालसामान नियम १०६ वमोजिम १ महिना भित्र लिलामको प्रकृया अगाडि बढाउनु पर्ने र मर्मत सम्भार गर्नुपर्ने भए सोको लागि बजेट व्यवस्था गरी तीन महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ ।कार्यालयले लेखापरीक्षण अवधी सम्म जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी सोको कार्यान्वयन गरेको देखिदैन । नियमावलीमा भएको व्यवस्था वमोजिम मर्मत तथा लिलाम गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५ **स्थलगत अनुगमन:**

५.१ सौचालय निर्माण कार्यको गो.भौ.नं. ७२,मिति २०८०।२।२ मा सुमित एण्ड सुनिता निर्माण सेवालाई सार्वजनिक निर्माण शिर्षकवाट भुक्तानी दिईएको रु. २,७२,५२०।० बाट कार्यालय परिसरभित्र निर्माण गरिएको शौचालयको स्थलगत रुपमा अनुगमन गर्दा नियमित सरसफाई भएको देखिएन । कार्यालयले आवश्यकता महसुस गरेर वार्षिक कार्यक्रममा राखेर सार्वजनिक श्रोतको प्रयोग गरेर निर्माण गरिएको संरचनालाई दिगो उपयोग लागि नियमित रेखदेख र सरसफाई गर्नुपर्नेमा सो भएको नदेखिएकोले आगामि दिनमा नँया संरचना निर्माणका अलवा विद्यमान संरचनाको नियमित रेखदेख, सरसफाई र प्रयोगमा जोड दिनुपर्दछ ।







सैद्धान्तिक बेरुजु

५.२ कार्यालयवाट वजेट उपशिर्षक ३२९०३१०१४, गोश्वारा भौचर नं ४६, मिति २०७९।१०।२२ मा ना सु श्री रमेश कुमार गौडको पुँजिगत सुधार खर्च वापत रु. ५००००।० पेश्कि फर्स्यौट गरिएको निर्माण कार्यको मिति २०८०।०५।१५ मा कार्यालय नजिकै रहेको मुख्य सडक संगै जोडिएको स्थानमा रहेको शौचालयको स्थलगत अवलोकन गर्दा शौचालयको युरिनल वकेट भत्किएर भुईमा लडेको, शौचालय अत्यन्तै फोहोर र प्रयोगविहिन अवस्थामा रहेको देखियो । करिव ६ महिना अगाडीमात्र मर्मत सम्भार गरेको संरचना अत्यन्तै जिर्ण, फोहोर र प्रयोगविहिन हुनुले सार्वजनिक खर्च प्रभावहिन र फजुल भएको देखिन्छ । कार्यालयले सार्वजनिक निर्माणका संरचनाको निर्माण र मर्मत सम्भारका साथै तिनका नियमित सरसफाईमा समेत आवश्यक जनशक्तिको व्यवस्थापनको लागि वजेटको व्यवस्था गरी यस्ता संरचनाहरु प्रयोग गर्न सकिने अवस्थामा राख्नुपर्दछ ।





सैद्धान्तिक बेरुजु

६ **हेलिकप्टरको अवतरण शुल्क:**

लाङटाङ राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र अवतरण गर्ने प्रति हेलिकप्टर रु ३००० राजश्व दाखिला गर्नुपर्ने व्यवस्था छ ।यस वर्ष विभिन्न ९ वटा हेलिकप्टर कम्पनीले स्वघोषणाका आधारमा रु ७४२८१४।४६ राजश्व दाखिला गरेको देखिन्छ । कार्यालयले कुन हेलिकप्टरले लेखापरीक्षण अवधिको आर्थिक वर्षमा कति अवतरण गरेको भन्ने अभिलेख राखेको छैन । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको Air Traffic Control बाट लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा आर्थिक वर्ष २०७९।८० मा के कति अवतरण भए भन्ने अभिलेख लिएर वास्तविक उठ्नुपर्ने राजश्वको एकिन गरी उठ्न बाँकि भएमा कार्यालयले तुरुन्त उक्त राजश्व असुल गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **विदेशि पर्यटक प्रवेश:**

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले राष्ट्रिय निकुञ्जको लागि विदेशि पर्यटकको निकुञ्ज भित्र प्रवेश शुल्क असुल गर्ने गरी टिकट छपाइ गरी पठाएको देखिन्छ । उक्त टिकट प्रति व्यक्ति प्रति प्रवेश प्रति दिनको लागि मूल्यअभिवृद्धि समेत ३००० का दरले असुल गर्ने गरी छपाइ गरी पठाएको देखिन्छ । निकुञ्जले राष्ट्रिय निकुञ्जभित्र विदेशि पर्यटक प्रवेश जतिसुकै दिनको भएतापनि रु ३००० मात्र असुल गरी प्रवेश गर्न दिएको देखिन्छ । विभागवाट छपाइ भइ आएको टिकटले गरेको व्यवस्थाको पालना नगर्दा निकुञ्जले घटि राजश्व असुल गरेको देखिन्छ । निकुञ्ज भित्रको वसाइका आधारमा टिकटको महसुल असुल गर्नुपर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

८ **राजश्वतर्फ:**

कार्यालयले यस वर्ष प्राप्त गरेको राजश्वको लेखापरीक्षणबाट देखिएको व्यहोरा निम्नानुसार रहेको छ ।

८.१ **रसिद नियन्त्रण खाता:** महालेखापरीक्षकबाट स्वीकृत म ले प फारामको प्रयोग गरी आर्थिक कारोबार विश्वसहनिय र वास्तविक रुपमा राख्नुपर्दछ ।राजश्व संकलनलाई व्यवस्थित भरपर्दो र विश्वसहनिय बनाउनको लागि स्वीकृत म ले प फाराम ९०४ अनुसार रसिद नियन्त्रण खाता राख्नुपर्ने व्यवस्था छ । कार्यालयले वन पैदावार पूर्जी निगालो पूर्जी जरिवाना संकलन लगायतको राजश्व नगद संकलन गरी रु २७६९६११ दाखिला गरेको कार्यालयले विवरण पेस गरेको छ । कार्यालयले विगत वर्षमा जिम्मेवारी सरेर आएका नगदि रसिद के कित थिए यस वर्षमा के कति रसिद आम्दानी भएको र कुल नगदी रसिद को कसलाई बुझाएको र कुन कर्मचारीले के कति राजश्व संकलन गरी बाँकि रसिद फिर्ता गरेको भन्ने अभिलेख राखेको छैन । राजश्व संकलनको कार्यलाई कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली मजबुत गरी विश्वसहनिय तथा भरपर्दो बनाउनु पर्नेमा रसिद नियन्त्रण खाता म ले प फाराम ९०४ राखेको छैन । रसिद नियन्त्रण खाता नै नराखी कुन कर्मचारीले के कति रसिदबाट राजश्व उठाएको र दाखिला गरेको भन्ने एकिन नगरी उल्लेखित राजश्व रकम एकिन गर्न नसकिने भएकोले कार्यालयले छानबिन गरी वास्तविक राजश्वको रकम एकिन गर्नुपर्ने रु

| अनियमित भएको | २७,६९,६११ |
|---|---|

८.२ कार्याविधीको पालना: लाङटाङ राष्ट्रिय निकुञ्ज तथा मध्येवर्ती क्षेत्रभित्र होटल लज तथा चिया पसल सञ्चालन कार्यविधि २०७० मा होटलहरुको १० वर्षसम्मको लागि करार सम्झौता गर्नुपर्ने र सो पश्चात खुल्ला रुपमा छनौट गर्नुपर्ने व्यवस्था कार्याविधीमा गरेको छ । साथै होटलहरुको श्रेणीअनुसार तोकिएको कोठा तथा क्षेत्रफल भन्दा फरक रुपमा होटल सञ्चालन गरेको अनुगमन गरी पाइएमा खारेज गर्नुपर्ने व्यवस्था छ । साथै ४००० मिटर भन्दा बढि उचाइमा होटल सञ्चालन गर्न नपाइने

व्यवस्था समेत कार्याविधिमा उल्लेख गरेको छ । कार्यालयले कार्याविधी अनुसार अनुगमन समिति गठन गरेको देखिएन भने प्रतिस्पर्धावाट होटहरु छनौट गर्नुपर्नेमा विगत लामो समयदेखि सञ्चालन भइरहेका होटलको करार सम्झौता नविकरण नै नगरी होटलहरु सञ्चालन भइरहेको तथा होटलको मापदण्डमा समेत व्यवसायीले आफुखुशी परिवर्तन गर्दा समेत कुनै कार्वाही गरेको देखिएन । ४००० मिटर भन्दा माथिको उचाइमा ४ वटा होटल सञ्चालन भइरहेको देखिन्छ । कार्यालयले कार्याविधिले गरेको व्यवस्थालाई कडाइका साथ पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८.३ होटल लज तथा चिया पसल सञ्चालन दस्तुर: लाङटाङ राष्ट्रिय निकुञ्ज तथा मध्येवर्ती क्षेत्रभित्र होटल लज तथा चिया पसल सञ्चालन कार्यविधि २०७० ले निकुञ्ज भित्र सञ्चालन हुने होटल लज तथा चिया पसललाई क ख ग र घ श्रेणीमा विभाजन गरी प्रतिस्पर्धाको माध्यमकाट छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ । कार्याविधीले वार्षिक शुल्क राजश्व प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र बुझाइसक्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७८।७९ र २०७९।८० मा तपशिल वमोजिमका होटल लज तथा चिया पसलले वार्षिक रुपमा बुझाउनुपर्ने शुल्क हालसम्म दाखिला गरेको नदेखिएकोले उक्त रकम असुल गर्नुपर्ने रु

| सि नं | होटलको नाम | होटल धनीको नाम | ग्रेड | २०७८।७९ को वाँकि | २०७९।८० कोवाँकि |
|---|---|---|---|---|---|
| १ | जंगल भ्यू होटल, (लामाहोटल) | कर्मातामाङ | क | 0 | 311250.72 |
| २ | लामा गेष्ट हाउस, (लामा होटल) | रिन्जेनदोर्जे तामाङ र मिङमार छिरिङ तामाङ | क | 282954 | 0 |
| ३ | शेर्पा होटल, (चनदनबारी) | कामी ग्याल्बोघले | क | 282955.2 | 155625.36 |
| ४ | माउन्टेन रेष्ट हाउस (लौरीविना) | तेन्जिङ दोर्जे तामाङ | क | 0 | 0 |
| ५ | होटलग्रिन भ्यु (मागिनगोठ) | कालुशेर्पा | क | 0 | 155625.36 |
| ६ | नमस्ते होटल (घोप्टे) | कामीशेर्पा | क | 0 | 0 |
| ७ | गोसाईकुण्ड लज (ठाडेपाटी) | मातालामा | क | 282955.2 | 311250.72 |
| ८ | दावा वेवी होटल एण्डलज (फेदी) | कारक्यापशेर्पा | क | 282955.2 | 111250.72 |
| ९ | टिवेटन होटल, घोडातवेला | रेञ्जेनदोर्जे तामाङ र छिरिङ पेम्बा तामाङ | ख | 0 | 233438.7 |
| १० | टिवेट गेष्ट हाउस, लामा होटल | कार्चुङतामाङ र तेन्जिङ तामाङ | ख | 212217 | 233438.7 |
| ११ | मुनलाईट होटल रिम्चे | दमाईछुवाङ तामाङ | ख | 0 | 233438.7 |
| १२ | गणेश भ्यू होटल, रिम्चे | दिण्डुपतामाङ | ख | 0 | 233438.7 |
| १३ | रिभरसाईड होटल, रिभरसाईड | उर्केनतामाङ | ख | 0 | 116720 |
| १४ | होटल टिबेट माउण्टेनभ्यु (चोलाङपाटी) | शेराप स्याङबो तामाङ | ख | 212217 | 121223.7 |
| १५ | पिसफुल होटल | सुब्बा लामा | ख | 0 | 233438.7 |
| १६ | माया होटल | मिन्दुल तामाङ | ख | 212217 | 116719 |
| १७ | होटल टिवेटन | दावा मिङमार तामाङ | ख | 212217 | 0 |
| | | छिरिङ फिन्जो तामाङ | ख | 0 | 0 |
| १८ | होटल जि वि सि | खामसुङ तामाङ | ख | 212217 | 233440 |
| १९ | नमस्ते होटल | लाक्पा सिङ्गी तामाङ | ख | 212217 | 233440 |
| २० | लेकसाईड होटल | खामसुङ तामाङ | ख | 0 | 233440 |
| २१ | लामा होटल | पेम्बाशेर्पा र लामा रेञ्जेन शेर्पा | ख | 212217 | 0 |
| २२ | मेन्दो होटल एण्ड लज | रेञ्जेनशेर्पा | ख | 212217 | 233440 |
| २३ | सुम्जो टप होटल | सुम्जोलामा | ख | 0 | 116719.35 |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | होटल दार्जलीङ | दावालामा | ख | 212217 | 233438.7 |
| २५ | ताजमहल होटल | निमाशेर्पा | ख | 212217 | 106438.7 |
| २६ | पाङबुडाँडा चिया पसल | कैसाङशेर्पा | ख | 212217 | 233438.7 |
| २७ | ल्याण्ड स्लाईड होटल, पहिरो | छेदेन तामाङ र फिन्जोतामाङ | ग | 141477 | 0 |
| २८ | ग्रिन हिल होटल, लामा होटल | दावानूर्पु तामाङ तेन्जिङ मिङमारतामाङ | ग | 141477 | 155624.7 |
| २९ | मर्निङ भ्यु होटल | तेम्पा ग्याल्बु तामाङ | ग | 141477 | 155624.7 |
| ३० | होटल सनसेट भ्यु | टाँसी नाम्याल तामाङ | ग | 141477 | 155624.7 |
| ३१ | हिलटप लज | ग्यान्डुप तामाङ | ग | 141477 | 155624.7 |
| ३२ | होटल माउन्टेनभ्यु | रामशेर्पा | ग | 141477 | 155624.7 |
| ३३ | उज्यानडाँडा चिया पसल, उज्यानडाँडा | पेमा रेन्जन तामाङ | घ | 47160 | 0 |
| ३४ | लाङटाङखोलापुल चिया पसल, पुल | ग्याम्चोतामाङ | घ | 47160 | 0 |
| ३५ | बुद्ब होटल चिया पसलयाम्फु | तेन्जेनशेर्पा | घ | 0 | 51876 |
| ३६ | गञ्जला होटल चिया पसलयाम्फु | दावातामाङ | घ | 0 | 51876 |
| ३७ | कस्तुरीडाडाँ चिया पसल | जिमि शर्पा | घ | 47160 | 0 |
| ३८ | याक एण्ड यति होटल | दावादिण्डुप शेर्पा | घ | 47160 | 51876 |
| ३९ | लाक्पा होटल | लाक्पादोर्जे शेर्पा | घ | 47160 | 51876 |
| | **असुल हुनवाँकि राजश्व रकम** | | | 4550868 | 5176282 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९७,२७,१५०.६३ |

## ९ सम्बन्धितलाई भुक्तानी नभएको:

कार्यालयले खरिद गरेको मालसामानको भुक्तानी जुन पार्टिबाट खरिद गरेको हो सोही पार्टिलाई भुक्तानी गर्नुपर्दछ । लेखापरीक्षणको क्रममा तपशिल वमोजिमको भुक्तानी परीक्षण गर्दा कार्यालयले कर्मचारीको नाममा सोधभर्ना भुक्तानी गरेको देखियो । सम्वन्धित पार्टिको नाममा भुक्तानी गर्ने व्यवस्थाको कार्यालयले कडाइका साथ पालना गर्नुपर्दछ ।

| गो भौ नं मिति | विवरण | भुक्तानी गर्नुपर्ने | सोधभर्ना लिने | भुक्तानी रकम |
|---|---|---|---|---|
| १८।२०८०।१।१२ | घुम्ने कुर्सी डोर म्याट र प्लाष्टिक कुर्सी | त्रिसा फ्लोरिङ एण्ड फर्निसिङ | रमेश कुमार गौड | ३२०४४ |
| | कार्पेट खरिद | वि एण्ड टि होम डेकुरेट | रमेश कुमार गौड | १८००० |
| ५१।२०८०।२।२६ | जाली क्याप खरिद | अजिमा इन्टरप्राइजेज | सुनिल राउत | २०००० |
| | ल्याप टप व्याग खरिद १०० थान | न्यू खण्का इन्ड्रसट्रिज | सुनिल राउत | १८०२३५ |
| | **जम्मा** | | | **२५०२७९** |

सैद्धान्तिक बेरुजु

१० **अवलोकन भ्रमण:**

साथै अवलोकन भ्रमण खर्चको पेस गरेको तेरिज अनुसार समितिका अध्यक्ष २० जनाको ६।२५ दिनको रु १२०० का दरले रु १६८००० अधिकृत स्तर २ जनाको १६०० को दरले रु २०००० नासुस्तका कर्मचारी ७ जनाको रु १२०० का दरले रु ५२५०० श्रेणीविहिन ३ जनाको रु १००० को दरले रु १८७५० समेत कुल जम्मा रु २५९२५० खर्च लेखेको दैनिक भ्रमण भत्ताको तेरिज राखिएकोमा सम्वन्धित कर्मचारीलाई बुझाइएको प्रमाण पेस गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५९,२५० |

# अनुगमन लेखापरीक्षण

११

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६को दफा ३९ र ४० बमोजिमले खापरीक्षणबाटऔँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरीवा नियमित गरी गराई वा असुलउपर गरी फस्योँट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजुको अभिलेख पेस हुन आएन ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **लामटाङ राष्ट्रिय निकुन्ज कार्यालय** को २०७९।८० सम्मको फस्योँट गर्न बाँकी बेरुजुको विवरण प्राप्त भएन । बेरुजुको अभिलेख म.ले.प.द्धारा स्विकृत ढाँचामा राख्नुपर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | ० | ० | ० | ० | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : लामटाङ राष्ट्रिय निकुन्ज कार्यालय , गोसाईकुण्ड गाउँपालिका , रसुवा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्रमोद भट्टराई | २०७८-७-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रवि घिमिरे | २०७९-५-२० | २०७९-१०-१२ |
| लेखा प्रमुख | हरिन्द्र ठाकुर | २०७९-१०-१३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सर्वज्ञराज भट्टराई | २०७८-९-१४ | २०७९-५-२० |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,७२७,१५०.६३ | २,७६९,६११ | २५९,२५० | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | १२,७५६,०११.६३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | २६,८८४ |

बिनियोजन तर्फ :

| क्रम | बजेट उपशीर्षक | बार्षिक बजेट | खर्च/निकासा | पेस्की |
|---|---|---|---|---|
| १ | ३२९०३०११३ | ५०,५०,००० | ५०,४३,७५५.९७ | ० |
| २ | ३२९०३१०१३ | ५,५७,५०,००० | ४,४६,७७,६५८.७ | ० |
| ३ | ३२९०३१०१४ | २,९६,५५,००० | २,८०,८२,८१८.९८ | ० |
| ४ | ६०१०००१३३ | ७,१४,९३१ | ७,१४,९३१ | ० |
| ५ | ६०१०००१६३ | ९,३८,३४७ | ९,३८,३४७ | ० |
| ६ | ३२९०३१०१३ | १५,३५,००० | ८,१२,८१४ | ० |
| जम्मा | | ९३६४३२७८.० | ८०२७०३२५.६५ | ०.० |

राजस्व तर्फ :

| शीर्षक | गत बर्षको लगत बाँकी | असुली/दाखिला | बाँकी लगत | नगद बाँकी |
|---|---|---|---|---|
| ० | ० | ४,२४,७७,२२९.८५ | ० | ० |
| जम्मा | ०.० | ४२४७७२२९.८५ | ०.० | ०.० |

धरौटी तर्फ :

| गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | फिर्ता रु | सदरस्याहा रु | बाँकी रु |
|---|---|---|---|---|---|
| १४,८७,३७४.१६ | ६,७०,३३६ | २१,५७,७१०.१६ | ७१,३४८ | ० | २०,८६,३६२.१६ |

कार्य सन्चालन कोष तर्फ :

| नाम | गत बर्षको जिम्मेवारी रु | यस बर्षको आम्दनी रु | जम्मा रु | खर्च रु | बाँकी रु |
|---|---|---|---|---|---|
| कार्य सन्चालन कोष | २४,६४,२३६.१५ | ३१,००,००० | ५५,६४,२३६.१५ | ३०,९९,९०९.३२ | २४,६४,३२६.८३ |
| जम्मा | २४६४२३६.१५ | ३१०००००.० | ५५६४२३६.१५ | ३०९९९०९.३२ | २४६४३२६.८३ |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | सेवा परामर्श | करार सेवा |
| २ | राजस्व | राजस्व |
| ३ | विविध | विविध परीक्षण |
| ४ | चालू खर्च | तलब भत्ता |
| ५ | पूजिगत खर्च र खरिद | पुँजिगत खर्च र खरिद व्यवस्थापन |